# मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## वाबियाचौर, म्याग्दी
## गण्डकी प्रदेश, नेपाल

प.सं : २०७५/२०७६ मिति: २०७५/०८/१३

च.नं : 313

---

विषय : सुचना जानकारि सम्बन्धमा ।

श्रीमान् वडा अध्यक्ष ज्यू
१ नं. वडाको कार्यालय कुँहु म्याग्दी
२ नं. वडाको कार्यालय बाबियाचौर म्याग्दी
३ नं. वडाको कार्यालय आर्भाङ म्याग्दी
४ नं. वडाको कार्यालय बुकेनि म्याग्दी
५ नं. वडाको कार्यालय पाखुँ म्याग्दी

प्रस्तुत् विषयमा यस प्रधानमत्रि कृषि आधुनिकरण परियोजना, परियोजना कार्यन्वयन इकाई सुनतला जोन म्याग्दि बाट प्राप्त प.स. ०७५/०७६ को च.न. ३७ को पत्र अनुसार मंगला गाऊपालिका को वडा नं. १,२,३,४ र ५ सुन्तला जोन क्षेत्र मा तोकिएको कारण उत्त कार्यक्रम वाट प्रत्यक्ष रुप मा लाभान्वित हुने कृषक समुह /सहकारी तथा निजि उधमि लाई जानकारीको लागि लागि उल्लेखित क्षेत्रमा सुचना ताँस गरिदिनु हुन हनुरोध गरिन्छ ।

O/L

प्रमुख प्रसाकिय अधिकृत
कृष्णप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत
कृष्ण प्रसाद गौतम

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

# परियोजना कार्यान्वयन इकाई
## सुन्तला-जोन, म्याग्दी

प.सं. २०७५/७६
च.न. ३६

मिति : २०७५/०८/०६

विषय : सूचना जानकारी सम्वन्धमा ।

श्री मंगला गाउँपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी ।

**दर्ता नं.:-** २६१
**दर्ता मिति:-** २०७५/०८/११

प्रस्तुत विषयमा यस परियोजना कार्यान्वयन इकाई, सुन्तला जोन म्याग्दीवाट कार्यक्रम संचालन गर्न जोन संचालक समिति गठन गर्न तंहा गाँउपालिका/नगरपालिकाहरुको तोकिएका वाडंहरुमा रहेका संस्थाहरुको सूचिकृत गर्ने सम्वन्धमा सूचना प्रकाशन गरिएको हुंदा सो सूचना यसैसाथ संलग्न गरि पठाइएको छ । सो सूचना सम्वन्धित वाडंहरुलाई जानकारी एवं सूचना प्रवाह गराई यस कार्यक्रममा सहभागि गराई सहयोग गरिदिनु हुन अनुरोध गरिन्छ ।

बोम बहादुर थापा
वरिष्ठ कृषि अधिकृत

बरिष्ठ कृषि अधिकृत

श्री कृषि शाखा
सर्व वडालाई जानकारी गराई
सूचना टाँस गरी
वेबसाइटमा पनि
प्रकाशन गराउन लगाउने ।

Phone : 069-521345 Website: E-mail:

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
सुन्तला जोन, म्याग्दी

प.सं. २०७५/७६
च.नं. ३६

मिति : २०७५/०८/०६

## सूचना

विषय : कार्यक्रम संचालनको लागि सूचिकृत हुने बारे ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई सुन्तला जोन म्याग्दीद्धारा चालु आर्थिक बर्ष २०७५/०७६ देखि म्याग्दी/पर्वत/बाग्लुङ जिल्ला अर्न्तगतका तोकिएका पालिकाहरुमा सुन्तला फलफुल वाली सम्वन्धि विभिन्न कार्यक्रमहरु संचालन हुन गइरहेकोले उक्त कार्यक्रमवाट प्रत्यक्ष रुपमा लाभान्वित हुनको लागि तपसिल बमोजिमका पालिकाहरुको वार्ड क्षेत्रमा सुन्तला फलफुलमा आवद्ध भएका आधिकारिक कृषक समुह/सहकारी, तथा नीजि उद्यमी व्यवसायीहरुले तपशिलमा उल्लेखित आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र बेनी स्थीत सुन्तला-जोन कार्यालयमा सूचिकृत हुन अनुरोध गरिन्छ ।

**सुन्तला जोन तोकिएका क्षेत्र :**

१. बाग्लुङ : बाग्लुङ नगरपालिका वार्ड नं. ५ देखि १३ सम्म, काठेखोला गाउंपालिका वार्ड नं.१,२ र ४ देखि ८ सम्म ।

२. पर्वत : जलजला गाउंपालिका वार्ड नम्बर १ देखि ९ सम्म ।

३. म्याग्दी : बेनी नगरपालिका वार्ड नं.३,४,९ र १० सम्म, अन्नपूर्ण गा.पा.वार्ड नम्बर १ देखि ८ सम्म, मालीका गा.पा.वार्ड नं.४,५ र ७ सम्म, रघुगङ्गा वार्ड नं. १ देखि ७ सम्म र मंगला गा.पा.वार्ड नं.१ देखि ५ सम्म ।

**पेश गर्नुपर्ने विवरण :**

१. व्यक्तिगत फर्म/संस्था भएमा : संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपि, नागरिकता प्रमाण-पत्रको प्रतिलिपि, सम्पर्क व्यक्तिको नाम ठेगाना र सम्पर्क मोवाइल नं. ।

२. समुह/संस्था/सहकारी भएमा :संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपि, संस्था सूचिकृत हुने निर्णयको प्रतिलिपि, सम्पर्क व्यक्तिको नाम, ठेगाना र सम्पर्क मोवाइल नं. ।

बोम बहादुर थापा
(बरिष्ठ कषि अधिकृत)